आज मिति २०७५/८/२८ गतेका दिन विहान ८ बजे यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्रवहादुर चन्दको अध्यक्षतामा कार्यपालिका वैठक वसी तपशिलको उपस्थितीमा तपशिल वमोजिमको निर्णय गरियो ।

**उपस्थिती**

श्री भुपेन्द्रवहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष, वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष, वडा नं. २
श्री जीत बहादुर सुनार, वडा अध्यक्ष, वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष, वडा नं. ४
श्री प्रेम बहादुर सारु, वडा अध्यक्ष, वडा नं. ५
श्री वलवहादुर खड्का, वडा अध्यक्ष, वडा नं. ६
श्री कर्ण वहादुर मिजार, वडा अध्यक्ष, वडा नं. ७
श्री पदमवहादुर खत्री, वडा अध्यक्ष, वडा नं. ८
श्री लक्षुमन राना, वडा अध्यक्ष, वडा नं. ९
श्री मान वहादुर वुढा मगर, वडा अध्यक्ष, वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष, वडा नं. ११
श्री रमना दमाई, का.वा.वडा अध्यक्ष, वडा नं. १२
श्री टिकाराम सुवेदी, वडा अध्यक्ष, वडा नं. १३
श्री प्रतिक्षा विक - कार्यपालिका सदस्य
श्री खिमकुमारी राना - कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री - कार्यपालिका सदस्य
श्री भुमीकला सुनार - कार्यपालिका सदस्य
श्री खिम वहादुर कामी - कार्यपालिका सदस्य
श्री शेर वहादुर कामी - कार्यपालिका सदस्य
श्री विष्णु खत्री - कार्यपालिका सदस्य
श्री कृष्ण प्रसाद खरेल, प्रमुख प्रशासकिय अधिकृत-सचिव
श्री मान वहादुर ठाडा, लेखा अधिकृत
श्री कुलवहादुर खड्का, प्रशासन शाखा (सहयोगी)
श्री रेशम बहादुर पुन(वडा नं. ४ अध्यक्षको सहयोगी)
श्री अनिल चपाई, सूचना प्रविधि अधिकृत

Scanned by CamScanner

**प्रस्ताव नं. १ : स्थानीय तहका स्थायी कर्मचारी समायोजन सम्बन्धमा ।**

निर्णय नं. १ : उल्लेखित प्रस्तावको सम्बन्धमा छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. २५ मिति २०७५।८।२४ गतेको समायोजन पत्र दिने सम्बन्धी पत्र तथा कर्मचारी समायोजन अध्यादेश २०७५ को दफा ६ बमोजिम अन्य सेवाका कर्मचारी समायोजन गर्ने सम्वन्धि भएको व्यवस्था बमोजिम तपसिल बमोजिमका कर्मचारीहरुलाई समायोजन गर्ने र सो को जिम्मा प्रमुख प्रशासकीय अधिकृतलाई दिने निर्णय गरियो ।

तपसिल

१ श्री कुल वहादुर खड्का, सहायक पाँचौ (ना.सु)

२ श्री धन बहादुर सुनार, सहायक चौथो(खरिदार)

३. श्री मेनका ढकाल, सहायक चौथो (खरिदार)

४. श्री नारायण बास्कोटा, सहायक चौथो(खरिदार)

५.श्री राम बहादुर बुढा, सहायक द्धितीय(का.स.)

**प्रस्ताव नं. २ : लक्षित बर्गको रकम विनियोजन सम्बन्धमा ।**

निर्णय नं. २ : उल्लेखित प्रस्तावको सम्ब्न्धमा छलफल गर्दा भेरीगंगा नगरपालिकाको तेश्रो नगरसभाबाट विनियोजन भएको ४० लाख मध्ये रु २ लाख नगरमा र रु ३८ लाख रकमलाई जनसंख्याका आधारमा वडामा रकम विभाजन गर्ने निर्णय गरियो । सो सम्ब्न्धमा वडा कार्यालयमा पठाइने बजेटलाई निम्न प्रतिशत निर्धारण गरी वडाहरुबाट रकम वितरण गर्न प्रतिशत निर्धारण गरियो । साथै आ.व. २०७४।०७५ को नगरस्तरिय बाँकी रकमलाई नगरबाट संचालन गर्ने निर्णय गरियो ।

तपसिल

१ महिलालाई २५ प्रतिशत

२ वालबालिकालाई १५ प्रतिशत

३ जेष्ठ नागरिकलाई १५ प्रतिशत

४ अपांगता भएका व्यक्तिलाई १० प्रतिशत

५ दलितलाई २० प्रतिशत

६ आदीबासी।जनजाति।लोपोन्मुखलाई १५ प्रतिशत

**प्रस्ताव नं. ३ : योजना संचालन प्रक्रिया सम्बन्धमा ।**

निर्णय नं. ३ : उल्लेखित प्रस्तावको सम्बन्धमा छलफल गर्दा भेरीगंगा नगरपालिकाबाट वडामा विनियोजन गरेका रकमहरुको सम्बन्धमा वडाले ५ (पाँच) दिनभित्र कसरी संचालन गर्ने सम्बन्धमा

Scanned by CamScanner

वडाले पत्राचार गरेबमोजिम संचालन गर्ने र नगरको योजना संचालन गर्ने सम्बन्धमा नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई मापदण्ड तोकी प्रक्रिया अगाडि बढाउने जिम्मा दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : उपभोक्ता समितिको तालिम संचालन सम्बन्धमा ।**

निर्णय नं. ४ : उल्लेखित प्रस्तावको सन्दर्भमा व्यापक छलफल गर्दा भेरीगंगा नगथरपालिकाबाट कन्टेल्जेन्सी शिर्षक तथा आन्तरिक आम्दानीबाट खर्च गर्ने गरी प्रति वडामा रु २० हजारका दरले २ लाख ६० हजार रुपैयाँ विनियोजन गरी उपभोक्ता समितिको तालिम संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : बसपार्कको IEE का लागि बजेट विनियोजन सम्बन्धमा ।**

निर्णय नं. ५ : उल्लेखित प्रस्तावको सम्बन्धमा व्यापक छलफल गर्दा भेरीगंगा १२ को बसपार्कका लागि IEE गर्न समपुरक कोषबाट रु १ लाख ५० हजार रुपैयाँ थप गरी विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : उपभोक्ता समिति तथा सामुदायिक संस्थाबाट संचालन हुने निर्माण कार्यमा हेभी इक्यूप्मेन्टको प्रयोग सम्बन्धमा ।**

निर्णय नं. ६ : उल्लेखित प्रस्तावको सम्बन्धमा व्यापक छलफल गर्दा नगरमा उपभोक्ता समितिवाट संचालन हुने जटिल प्रकृतिका कार्यहरु जुन श्रमबाट गर्न गाह्रो हुने तथ सम्भव भएपनि न्यून परिमाणमा मात्र हासिल गर्न सकिने निर्माण कार्यहरुमा लोडर, एक्साईभेटर, रोलर, डोजर, ग्रेडर, विटमिन डिस्ट्रीव्यूटर, व्याइलरजस्ता हेभी मेसीनहरुको प्रयोग गर्न दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ७: झो.पु. निर्माण उपभोक्ता समिति र स्थानीय पुलकर्मीहरुलाई नमूना झो.पु. निर्माण तालिमका लागि बजेट विनियोजन गर्ने सम्बन्धमा ।**

निर्णय नं. ७: उल्लेखित प्रस्तावको सम्बन्धमा व्यापक छलफल गर्दा यस नगरपालिकाको आफ्नो वजेटवाट निर्माण हुने झो.पु.हरुका निर्माण उपभोक्ता समिति तथा स्थानीय पुलकर्मीहरुलाई नमूना झो.पु. निर्माण सम्वन्धि तालिम ट्रेल व्रिज सपोर्ट यूनिट सुर्खेत र यस नगरपालिकाको सहकार्यमा संचालन गर्ने र उक्त तालिमका लागि नगरपालिकावाट रु १ लाख ५० हजार रुपैयाँ समपुरक कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.८ : नर्म्स स्पेशिफिकेशन र स्ट्यान्डरको प्रयोग सम्बन्धमा ।**

निर्णय नं. ८: उल्लेखित प्रस्तावको सम्बन्धमा व्यापक छलफल गर्दा यस भेरीगंगा नगरपालिका कार्यालयवाट संचालन हुने योजनाहरुको लागि आवश्यक दर विश्लेषण गर्ने प्रयोजनका लागि आवश्यक पर्ने नर्म्स स्पेशिफिकेशन स्ट्यान्डरहरु हाललाई साविकका विषयगत कार्यालय, विभाग र मन्त्रालय (डोलिडार, भवन, खानेपानी, सिचाई, सडक) हरुवाट स्वीकृती प्राप्त नर्म्स स्पेशिफिकेशन र स्ट्यान्डरको प्रयोग गर्ने निर्णय गरियो ।

Scanned by CamScanner